INNOVATIVE RESEARCH JOURNAL VOLUME: 3 ISSUE: 2, DECEMBER, 2024

**DOI:** https://doi.org/10.3126/irj.v3i2.79489

# गङ्गारामको न्याय एकाङ्कीमा कोशीय संसक्ति

**डा. केशव भुसाल**

**नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग**

**त्रि. वि. कीर्तिपुर**

***keshabbhusal.tu@gmail.com***

---

## लेखसार

*प्रस्तुत लेख 'गङ्गारामको न्याय' एकाङ्कीको संसक्तिपरक अध्ययनमा आधारित छ । यसको मुख्य उद्देश्य 'गङ्गारामको न्याय' एकाङ्कीमा निहित कोशीय संसक्तिको अध्ययन गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यअन्तर्गत 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त पुनरुक्ति संसक्ति र सन्निधान संसक्तिको पहिचान गर्नु तथा एकाङ्की निर्माणमा तिनको भूमिका विश्लेषण गर्नु रहेका छन् । दर्शनशास्त्रीय दृष्टिमा प्रस्तुत अध्ययन ज्ञानमीमांसाअन्तर्गत व्याख्यात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । यसमा सोद्देश्यमूलक तरिकाले गङ्गारामको न्याय एकाङ्कीलाई अध्ययनीय कृतिका रूपमा छनोट गरिएको छ । यस अध्ययनमा निर्दिष्ट कृतिबाट प्राप्त तथ्यहरूलाई प्राथमिक स्रोतीय सामग्रीका रुपमा लिइएको छ भने संसक्ति र यससम्बद्ध अध्ययन, अनुसन्धानहरुलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्यहरूलाई भाषावैज्ञानिक हालिडे र हसनद्वारा प्रस्तुत संसक्तिसम्बन्धी सैद्धान्तिक अवधारणाका आधारमा  विश्लेषण गरिएको छ । यस अध्ययनका आधारमा 'गङ्गारामको न्याय' एकाङ्कीमा पुनरुक्ति र सन्निधान कोशीय संसक्तिको प्रयोग गरिएको, पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग संसक्तिको प्रयोग ज्यादा रहेको, सन्निधान संसक्तिको प्रयोग निकै कम रहेको, कोशीय संसक्तिअन्तर्गत पुनरावृत्तिको अधिक प्रयोग गरिएको, सन्निधान संसक्तिको प्रयोग अन्तर्वाक्यीय र वाक्येतर रूपमा तथा निकटस्थ र दूरस्थ रूपमा गरिएको, एकाङ्कीमा प्रयुक्त कोशीय संसक्तिले एकाङ्कीलाई संसक्त एवम् एकीकृत तुल्याउन महत्तम भूमिका निर्वाह गरेको लगायतका निष्कर्ष निकालिएको छ ।*

*प्रस्तुत अध्ययनबाट एकाङ्कीमा प्रयोग हुने कोशीय संसक्ति र त्यसको भूमिकाबारे जानकारी अधिगत गर्न सघाउन पुग्ने अपेक्षा गरिएको छ ।*

---

**प्रमुख शब्दावली** : *एकाङ्की, संसक्ति, कोशीय संसक्ति, पुनरुक्ति, सन्निधान ।*

## अध्ययनको पृष्ठभूमि

संसक्ति पाठ वा रचनामा प्रयुक्त वाक्यहरूलाई परस्परमा जोड्ने युक्ति हो । स्टब्स (सन् २००१) का अनुसार “संसक्तिले पाठको सतही संरचनामा उपलब्ध हुने भाषिक विशेषतालाई निर्देश गर्दछ” (पृ. ३०६) । वस्तुतः संसक्तिहरू भाषिक रूपमै अनुभूत हुन्छन् र ती स्थूल भाषिक अभिव्यक्तिमा सघन रूपमा उपलब्ध हुन्छन् । हालिडे र हसन (सन् १९९१) का दृष्टिमा “कुनै पनि पाठमा पहिलो वाक्यबाहेकका प्रत्येक वाक्यमा संसक्तिका केही रूप हुन्छन्” (पृ. २९३) । यसले पाठमा प्रस्तुत विचारलाई एकत्रित गर्न र पाठलाई पाठ्यात्मक बनाउन विशिष्ट सहयोग पुऱ्याउँदछ । यी जटिल वाक्यका सन्दर्भमा वाक्यखण्डमा प्रस्तुत विषयलाई जनाउन र सरल वाक्यका सन्दर्भमा वाक्यान्तरिक कुनै विषय वा पाठेतर सन्दर्भलाई निर्देश गर्न प्रयुक्त हुन्छन् ।

संसक्तिलाई भाषिक अभिव्यक्ति वा पाठलाई पारस्परिक तुल्याउने सम्बन्ध तत्त्व वा सिक्रीका रूपमा उल्लेख गर्न सकिन्छ । यो मुख्यतः वाक्येतर सम्बन्ध जोड्न आउने भाषिक जोर्नीका रूपमा र अंशतः वाक्यात्मक विषय दर्साउने युक्तिका रूपमा देखा पर्छ । यसका व्याकरणिक र कोशीय संसक्ति गरी दुई मुख्य प्रकार रहेका छन् । यीमध्ये व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्ति पर्छन् भने कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति र सन्निधान संसक्ति पर्छन् । संसक्ति, संसक्तिका प्रकार र तिनको भूमिका सम्बन्धमा पाश्चात्य भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६ र १९९१) ले विस्तृत रूपमा चर्चा गरेका छन् ।

पाठ वा रचनामा प्रयुक्त कोशीय वा शाब्दिक एकाइद्वारा सृजित संसक्तिलाई कोशीय संसक्ति भनिन्छ । कोशीय संसक्तिले सङ्कथनमा व्यक्त विषयलाई पारस्परिक तुल्याउने सिक्रीको काम गर्छन् । हालिडे र हसन (सन् १९७६/१९९१) का अनुसार “कोशीय संसक्ति

शब्दको छनोटबाट प्राप्त गरिने संसक्तात्मक प्रभाव हो । सङ्कथनमा वक्ता वा लेखकले कोशीय एकाइको चयनमार्फत संसक्तिको सृजना गर्छन्” (पृ. २७४) । यसका मध्यमबाट सङ्कथनमा एकत्व कायम हुन्छ । नुनन (सन् १९९३) का अनुसार “कोशीय संसक्तिले पाठमा प्रयुक्त कुनै दुई शब्दको अर्थतात्त्विक सम्बन्धलाई विभिन्न आधारमा जनाउँदछ । (पृ. २८) । पाठ वा रचनामा कोशीय संसक्तिको आगमन पूर्वप्रस्तुत एकाइसँग सम्बन्धित एकाइको चयन गरेपश्चात् हुन्छ । विस्नेस्की (सन् २००६) का अनुसार अर्थ संवहन गर्ने शब्दहरू : नाम, विशेषण र क्रियाका बिचको सिक्री जनाउनुलाई कोशीय संसक्ति भनिन्छ । कोशीय संसक्तिले पाठ्यात्मकता सृजनार्थ वस्तु, गुण, कार्य वा घटना जनाउने शब्दहरूका बिच आर्थी सम्बन्धगत भूमिका निर्वाह गर्दछ । होइ (सन् १९९१) का अनुसार कोशीय संयोजन संसक्तिको महŒवपूर्ण सग्लो रूप हो जसले सङ्कथन वा पाठमा विषयवस्तुको चालीस प्रतिशत वर्णन जोड्ने गर्दछ । पाठका विभिन्न वाक्यमा प्रयोग हुने कोशीय संसक्तिले पाठगत सम्बन्ध योजनमा भूमिका खेल्दछ ।

साहित्यिक कृति वा रचनाको अध्ययन, विश्लेषण निश्चित सिद्धान्त वा मान्यताका आधारमा गरिन्छ । एलेन र कर्डर (सन् १९७८) का अनुसार “परस्परमा सम्बन्धित वाक्यहरूलाई पाठका रूपमा र सम्बन्धित अवस्थाको अध्ययनलाई पाठ विश्लेषणका रूपमा लिन सकिन्छ” (पृ. २००) । संसक्तिपरक दृष्टिकोणका आधारमा पाठमा प्रस्तुत विचार वा धारणा परस्परमा संयोजित भएनभएको, अभिव्यक्तिका बिच पूर्वापर सम्बन्ध रहेनरहेको, कृति वा रचना संरचनात्मक दृष्टिले अन्वितियुक्त एवम् सान्दर्भिक भएनभएको पत्ता लगाउन सकिन्छ । नेपालका सन्दर्भमा यस किसिमको भाषिक युक्तिले पाठ निर्माणमा खेलेको भूमिकाबारे कमै अध्ययन भएको पाइन्छ । त्यसमा पनि एकाङ्की विधामा आधारित भई यस किसिमको अध्ययन, अनुसन्धान खासै भएको देखिँदैन । जसलाई अध्ययनीय रिक्तताका रूपमा लिई प्रस्तुत अनुसन्धान गरिएको छ । यस क्रममा एकाङ्कीकार अशेष मल्लद्वारा लिखित गङ्गारामको न्याय एकाङ्कीको संसक्तिपरक अन्वेषण र विश्लेषण गरिएको छ। यसबाट नेपाली भाषा, साहित्य र भाषाविज्ञानको क्षेत्रमा धेरथोर योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन ज्ञानमीमांशाअन्तर्गतको व्याख्यात्मक ढाँचामा आधारित छ । यसमा गुणात्मक अनुसन्धानको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा सोद्देश्यमूलक तरिकाले एकाङ्कीकार अशेष मल्लद्वारा लिखित 'गङ्गारामको न्याय' एकाङ्की छनोट गरिएको छ । यसमा प्राथमिक स्रोतीय सामग्रीका रुपमा 'गङ्गारामको न्याय' एकाङ्की र त्यसमा प्रस्तुत विषयवस्तुलाई लिइएको छ भने द्वितीयक स्रोतीय सामग्रीका रुपमा संसक्ति र यससम्बद्ध सैद्धान्तिक सामग्री तथा अनुसन्धानहरुलाई लिइएको छ । प्रस्तुत अनुसन्धानमा प्राप्त तथ्यहरुलाई भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६, १९९१) द्वारा प्रस्तुत संसक्तिसम्बद्ध सैद्धान्तिक अवधारणाका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा कोशीय संसक्तिका पुनरुक्ति र सन्निधान संसक्तिको सूक्ष्म अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्यलाई विभिन्न शीर्षकमा व्याख्या, विश्लेषण गरिएको छ । व्याख्या, विश्लेषणलाई प्रभावकारी र प्रामाणिक तुल्याउन आवश्यकतानुसार उदाहरणहरु समेत प्रस्तुत गरिएको छ ।

## व्याख्या-विश्लेषण

एकाङ्कीकार अशेष मल्लद्वारा लिखित 'गङ्गारामको न्याय' एकाङ्की सामाजिक विषयवस्तुमा आधारित एकाङ्की हो । यस एकाङ्कीमा कुवा र कुवाको पानी किनबेचको सन्दर्भ मुख्य रुपमा प्रस्तुत गरिएको छ । हर्के र बिर्खे दुई मुख्य पात्रको संवादमा केन्द्रित यस एकाङ्कीमा कुवाको पानी उपभोगका सम्बन्धमा देखा परेको विवादको समाधान गङ्गारामले गरिदिएको विषय प्रस्तुत गरिएको छ । प्रस्तुत एकाङ्कीमा विषयवस्तुको उठान, विस्तार र बैठानका निम्ति प्रस्तुत गरिएका संवाद र विचारमा विभिन्न किसिमका कोशीय संसक्तिहरुले भूमिका निर्वाह गरेको देखिन्छ । जसलाई निम्नानुसारका उपशीर्षकहरुमा अध्ययन, विश्लेषण गरिएको छ :

### 'गङ्गारामको न्याय' एकाङ्कीमा कोशीय संसक्ति

'गङ्गारामको न्याय' एकाङ्कीमा विभिन्न किसिमका कोशीय संसक्तिहरुको प्रयोग गरिएको छ । यस एकाङ्कीमा कोशीय संसक्तिअन्तर्गतका पुनरुक्ति र सन्निधान संसक्तिको प्रयोग गरिएको पाइन्छ । पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग

संसक्तिको प्रयोग गरिएको छ भने सन्निधानअन्तर्गत परस्परमा सान्निध्य राख्ने विभिन्न शब्दसमूहको प्रयोग गरिएको छ । जसलाई निम्नानुसारका शीर्षहरूमा व्याख्या गरिएको छ :

पुनरुक्ति संसक्ति

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त पुनरुक्ति कोशीय संसक्ति र यसअन्तर्गतका विभिन्न प्ररूप (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी - अङ्ग) को स्थिति र भूमिकाको अध्ययन निम्नानुसार गरिएको छ :

पुनरावृत्ति

'गङ्गारामको न्याय' एकाङ्कीमा पुनरावृत्त कोशीय संसक्ति र तिनको आवृत्तिगत स्थितिलाई निम्नानुसार उल्लेख गरिएको छ :

| पुनरावृत्त शब्दहरू | आवृत्त सङ्ख्या | पुनरावृत्त शब्दहरू | आवृत्त सङ्ख्या |
|---|---|---|---|
| सूत्रधार | ४ | नाटक | ६ |
| गाउँ | ६ | गङ्गाराम | ३४ |
| झगडा | २ | गीत | १ |
| हर्के | २६ | बिर्खे | २४ |
| पानी | २९ | निहुँ | ३ |
| कानुनी | १ | कागज | १८ |
| आँखा | २ | पैसा | ४ |
| कुवा | २६ | न्याय | ४ |
| अन्याय | ३ | खसी | १ |
| फैसला | ४ | चित्त | २ |

| | | | |
|---|---|---|---|
| माफ | ३ | मन | ५ |

जम्मा आवृत्त शब्दसङ्ख्या : २२

उल्लिखित प्रयोगलाई दृष्टिगत गर्दा ‘गङ्गारामको न्याय’ एकाङ्कीमा कुल २२ ओटा शब्दको पटकपटक आवृत्ति भएको देखिन्छ । प्रस्तुत एकाङ्कीमा एउटै शब्द एकभन्दा बढी पटक एउटै वस्तु, विषय वा व्यक्तिलाई जनाउने गरी प्रयोग गरिएका छन् । यस क्रममा सूत्रधारलाई जनाउन उक्त शब्द चार पटक आवृत्त गरिएको छ । नाटकलाई जनाउन उक्त शब्द ६ पटक आवृत्त गरिएको छ । गाउँलाई जनाउन उक्त शब्द ६ पटक आवृत्त गरिएको छ । गङ्गारामलाई जनाउन उक्त शब्द ३४ पटक आवृत्त गरिएको छ । झगडालाई जनाउन उक्त शब्द २ पटक आवृत्त गरिएको छ । गीतलाई जनाउन उक्त शब्द १ पटक आवृत्त गरिएको छ । हर्केलाई जनाउन उक्त शब्द २६ पटक आवृत्त गरिएको छ । बिर्खेलाई जनाउन उक्त शब्द २४ पटक आवृत्त भएको छ । पानीलाई जनाउन उक्त शब्द २९ पल्ट आवृत्त गरिएको छ । निहुँलाई जनाउन उक्त शब्द ३ पटक आवृत्त भएको छ । कानुनीलाई जनाउन उक्त शब्द १ पल्ट आवृत्त गरिएको छ । कागजलाई जनाउन उक्त शब्द १८ पटक आवृत्त गरिएको छ । आँखालाई जनाउन उक्त शब्द २ पटक आवृत्त गरिएको छ । पैसालाई जनाउन उक्त शब्द ४ पटक आवृत्त गरिएको छ । कुवालाई जनाउन उक्त शब्द २६ पटक आवृत्त गरिएको छ । न्यायलाई जनाउन उक्त शब्द ४ पटक आवृत्त गरिएको छ । अन्यायलाई जनाउन उक्त शब्द ३ पटक आवृत्त गरिएको छ । खसीलाई जनाउन उक्त शब्द १ पटक आवृत्त गरिएको छ । फैसलालाई जनाउन उक्त शब्द ४ पटक आवृत्त गरिएको छ । चित्तलाई जनाउन उक्त शब्द २ पटक आवृत्त भएको छ । माफलाई जनाउन उक्त शब्द ३ पटक आवृत्त गरिएको छ । मनलाई जनाउन उक्त शब्द ५ पटक आवृत्त गरिएको छ ।

उल्लिखित तवरले एकाङ्कीमा पुनरावृत्त शब्दहरूलाई दृष्टिगत गर्दा एकाङ्कीमा सबैभन्दा बढी ‘गङ्गाराम’ शब्दको आवृत्ति (३४ पटक) भएको छ भने सबैभन्दा कम ‘गीत’, ‘कानुनी’ र ‘खसी’ शब्दको आवृत्ति (१ पटक) भएको छ । यसरी आवृत्त शब्दहरू पदवर्गका दृष्टिले मूलतः नाम वर्गका रहेका छन् । आवृत्त शब्दहरूले पूर्वप्रस्तुत विषय, व्यक्ति वा वस्तुलाई जनाएर एकाङ्कीलाई संसक्त बनाउन महत्तम भूमिका निर्वाह गरेका छन् ।

पर्यायवाची

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त पर्यायवाची कोशीय संसक्तिलाई निम्नानुसार उल्लेख गरी व्याख्या, विश्लेषण गरिएको छ :

अभिवादन - नमस्कार

सज्जन - ज्ञानी

निसाफ - न्याय

छेउ - भाग

चित्त - मन

जम्मा सङ्ख्या : ५

पर्यायवाची शब्दहरूको उल्लिखित प्रयोगलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा ५ ओटा शब्दको पर्यायवाची प्रयोग देख्न सकिन्छ । यसअनुसार एकाङ्कीमा 'अभिवादन' लाई जनाउने गरी 'नमस्कार' शब्दको प्रयोग गरिएको छ । 'सज्जन' लाई जनाउन 'ज्ञानी' शब्दको प्रयोग गरिएको छ । 'निसाफ' लाई जनाउन 'न्याय' शब्दको प्रयोग गरिएको छ । 'छेउ' लाई जनाउन 'भाग' शब्दको प्रयोग गरिएको छ भने 'चित्त' लाई जनाउन 'मन' शब्दको प्रयोग गरिएको छ । एकाङ्कीमा प्रयुक्त यस किसिमका पर्यायवाची शब्दहरूले पूर्वप्रस्तुत विषयवस्तुलाई सोही रूपमा दर्साउन भूमिका निर्वाह गरेका छन् ।

विपरीतार्थी

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त विपरीतार्थी कोशीय संसक्तिलाई निम्नानुसार उल्लेख गरी व्याख्या, विश्लेषण गरिएको छ :

न्याय - अन्याय

जम्मा सङ्ख्या : १

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा एउटा मात्र विपरीतार्थी संसक्तिको प्रयोग गरिएको छ । यस एकाङ्कीमा प्रयुक्त 'न्याय' शब्दले गङ्गारामले हर्केलाई दिलाएको

न्यायलाई र 'अन्याय' शब्दले बिर्खेलाई कुवा बेच्ने हर्केले कुवाको पानी प्रयोग गर्न नदिई गरेको अन्यायलाई जनाएको छ । फरक-फरक वाक्यमा प्रयुक्त विषयवस्तुलाई यी दुई शब्दले परस्परमा संयोजन गर्ने काम गरेकाले एकाङ्कीलाई सुसंरचित तुल्याउन विपरीतार्थी संसक्तिले भूमिका निर्वाह गरेको देखिन्छ ।

समावेशी - समावेश्य

'गङ्गारामको न्याय' एकाङ्कीमा व्यवहृत समावेशी - समावेश्य कोशीय संसक्तिलाई निम्नानुसार उल्लेख गरी व्याख्या, विश्लेषण गरिएको छ :

| समावेशी | | समावेश्य |
|---|---|---|
| व्यक्ति | : | हर्के, बिर्खे |
| दिन | : | एक दिन, दुई दिन, दुई-चार दिन |

जम्मा सङ्ख्या : २

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा दुई ओटा समावेशी शब्दको प्रयोग गरिएको छ । जसअन्तर्गत 'व्यक्ति' र 'दिन' शब्द रहेका छन् । एकाङ्कीमा प्रयुक्त यी दुई शब्दमध्ये 'व्यक्ति' शब्दले हर्के र बिर्खेलाई समावेश गरेको छ भने 'दिन' शब्दले एक दिन, दुई दिन र दुई - चार दिनलाई समावेश गरेको छ । यसबाट एकाङ्कीमा पूर्वप्रस्तुत संरचना र पश्चप्रस्तुत संरचनाका बिच परस्परमा संयोजन कायम हुन पुगेको छ ।

अङ्गी-अङ्ग

'गङ्गारामको न्याय' एकाङ्कीमा अङ्गी-अङ्ग कोशीय संसक्तिका रूपमा निम्नानुसारको प्रयोग देख्न सकिन्छ :

| अङ्गी | | अङ्ग |
|---|---|---|
| एकादेश | : | गाउँ |
| हर्के/बिर्खे | : | आँखा |

बिर्खे : हात

गाउँ : घर

मञ्च : छेउ, भाग

जम्मा सङ्ख्या : ५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा ५ ओटा अङ्गी र त्यसअनुरूपका अङ्ग शब्दको प्रयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा प्रयुक्त अङ्ग शब्दहरूअन्तर्गत 'एकादेश', 'हर्के', 'बिर्खे', 'गाउँ' र 'मञ्च' रहेका छन् । जसका अङ्गका रूपमा क्रमशः 'गाउँ', 'आँखा', 'हात', 'घर', 'छेउ' तथा 'भाग' रहेका छन् । अङ्गी - अङ्गको भूमिकामा रहेका यी शब्दहरूले एकाङ्कीमा पूर्वपश्च विषयवस्तुलाई परस्परमा संयोजन गरेका छन् । परिणामस्वरूप एकाङ्की थप संसक्त बनेको छ ।

समग्रतः 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त पुनरुक्ति कोशीय संसक्तिको प्रयोगगत स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

| पुनरुक्ति संसक्ति | प्रयुक्त सङ्ख्या |
|---|---|
| पुनरावृत्ति | २२ |
| पर्यायवाची | ५ |
| विपरीतार्थी | १ |
| समावेशी समावेश्य | २ |
| अङ्गी-अङ्ग | ५ |
| जम्मा | ३५ |

उल्लिखित तालिकाअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा ३५ ओटा पुनरुक्ति कोशीय संसक्तिको प्रयोग गरिएको छ । जसमध्ये सबैभन्दा बढी पुनरावृत्ति कोशीय संसक्तिको प्रयोग गरिएको छ भने सबैभन्दा कम विपरीतार्थी संसक्तिको प्रयोग गरिएको छ । प्रस्तुत

एकाङ्कीमा प्रयुक्त यी विभिन्न किसिमका पुनरुक्ति कोशीय संसक्तिले आफ्नो प्रकृतिअनुसारको भूमिका निर्वाह गरी एकाङ्कीलाई एकीकृत तुल्याउन सहयोग पुऱ्याएका छन् ।

सन्निधान संसक्ति

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयोग गरिएका निम्नानुसारका शब्दहरूबिच परस्परमा सान्निध्य सम्बन्ध रहेको छ :

सूत्रधार - नाटक

नाटक - अभिनय

गाउँ - गाउँले

कुवा - पानी

खसी - मासु

झगडा - निहु

जम्मा सङ्ख्या : ६

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा ६ ओटा सन्निधान शब्दहरूको प्रयोग गरिएको देखिन्छ । प्रस्तुत एकाङ्कीमा 'सूत्रधार' र 'नाटक' का बिच, 'नाटक' र 'अभिनय' का बिच, 'गाउँ' र 'गाउँले' का बिच, 'कुवा' र 'पानी' का बिच, 'खसी' र 'मासु' का बिच, 'झगडा' र 'निहुँ' का बिच परस्परमा साहचर्यात्मक सम्बन्ध रहेको देखिन्छ । यस किसिमका शब्दहरूले 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रस्तुत विषयवस्तुका बिच संरचनात्मक एकत्व कायम गर्न महत्तम भूमिका निर्वाह गरेका छन् ।

समग्रतः 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त कोशीय संसक्तिको प्रयोगगत स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

| कोशीय संसक्ति | संसक्ति प्ररूप | प्रयुक्त सङ्ख्या |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुनरुक्ति | पुनरावृत्ति | पर्यायवाची | विपरीतार्थी | समावेशी - समावेश्य | अङ्गी-अङ्ग | ३५ |
| | जम्मा : २२ | जम्मा : ५ | जम्मा : १ | जम्मा : २ | जम्मा : ५ | |
| सन्निधान | | | जम्मा : ६ | | | ६ |
| जम्मा कोशीय संसक्ति सङ्ख्या : ४१ | | | | | | |

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त उल्लिखित कोशीय संसक्तिको तालिकालाई दृष्टिगत गर्दा यस एकाङ्कीमा जम्मा ४१ ओटा कोशीय संसक्तिको प्रयोग गरिएको देखिन्छ । जसमध्ये पुनरुक्ति कोशीय संसक्तिको प्रयोग सन्निधान संसक्तिको तुलनामा अत्यधिक गरिएको पाइन्छ । यी दुवै प्रकारका कोशीय संसक्तिबाट एकाङ्कीलाई संरचित तुल्याउन आवश्यकीय सहयोग पुगेको छ ।

## एकाङ्कीमा कोशीय संसक्तिको भूमिका

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त कोशीय संसक्ति युक्ति, यसका भेद र एकाङ्की निर्माणमा यसको भूमिकालाई संसक्तिसम्बद्ध सैद्धान्तिक दृष्टिकोणका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

कथ्य वा लेख्य पाठभित्रका भाषिक एकाइहरू (वाक्यहरू) लाई परस्परमा संयोजित तुल्याउने जोर्नीलाई संसक्ति भनिने सैद्धान्तिक अवधारणाअनुसार अवेक्षण गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा व्यवहृत संसक्ति युक्तिले यससम्बद्ध अवधारणाअनुरूप पूर्व-पश्च वाक्यहरूलाई आपस्तमा संयोजन गरेका छन् । जुन यसको सैद्धान्तिक अवधारणासँग मिल्दो रहेको छ ।

पाठ वा रचनामा संसक्ति युक्ति भाषिक रूपमै उपस्थित हुने र तिनले भाषिक एकाइद्वारा नै संरचनात्मक एकत्वका लागि भूमिका निर्वाह गर्ने सैद्धान्तिक मान्यताअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त संसक्ति युक्तिलाई नियाल्दा यस एकाङ्कीमा प्रयुक्त संसक्ति युक्ति भाषिक स्वरूपमै देखा परेका छन् भने तिनले गरेको कार्य पनि संरचनात्मक संयोजनकेन्द्रित रहेको छ ।

संसक्ति युक्तिले पाठ वा रचनामा जटिल वाक्यका सन्दर्भमा उपवाक्य-उपवाक्य र सरल वाक्यका सन्दर्भमा वाक्य-वाक्यलाई जोड्छन् भन्ने मान्यताका आधारमा हेर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त संसक्तिहरूले दुवै रूपमा कार्य सम्पादन गरेका छन् ।

संसक्ति युक्तिले पाठमा विद्यमान आर्थी सम्बन्धलाई समेत दर्साउने हालिडे र हसन (सन् १९९१) को अवधारणालाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त कोशीय संसक्तिहरूले वाक्यान्तरिक तथा वाक्येतर आर्थी सन्दर्भलाई परस्परमा संयोजन गरेका छन् ।

पाठ वा रचनामा प्रयुक्त हुने संसक्तिहरू व्याकरणिक र कोशीय गरी मुख्यतः दुई प्रकारका हुने सैद्धान्तिक दृष्टिकोणबाट 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त कोशीय संसक्ति यसको एउटा भेदका रुपमा रहेको छ । जुन सैद्धान्तिक मान्यतासँग मिल्दो देखिन्छ ।

कोशीय संसक्तिका पुनरुक्ति, यसका भेद (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थक, समावेशी-समावेश्य र अङ्गी-अङ्ग) र सन्निधान संसक्ति प्रयोगका आधारमा हेर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा यी दुवै प्रकृतिका संसक्तिहरू प्रयोग गरिएका छन् । जुन सैद्धान्तिक मान्यतासँग सम्बन्धित रहेका छन् ।

पुनरावृत्ति कोशीय संसक्ति प्रयोगको अवस्थालाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा बाइस ओटा शब्द आवृत्त गरी प्रयोग गरिएको छ । जुन पाठ वा रचनामा आवृत्त शब्दले विषयवस्तुलाई परस्परमा निदर्शित गरी पाठ वा रचनालाई एकीकृत तुल्याउने अवधारणासँग मिल्दो देखिएको छ ।

पर्यायवाची कोशीय संसक्ति प्रयोगका दृष्टिले हेर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त पर्यायवाची संसक्ति निकै कम मात्रामा रहेका छन् । जसले पूर्वप्रस्तुत वस्तु, व्यक्ति वा विषयलाई दर्साएर सैद्धान्तिक अवधारणाअनुरूप उपयुक्त भूमिका निर्वाह गरेका छन् ।

विपरीतार्थी कोशीय संसक्ति प्रयोगका दृष्टिले अवेक्षण गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा यसको प्रयोग पनि निकै कम मात्रामा गरिएको छ । जसबाट पूर्वप्रस्तुत विषयलाई विपरीत तात्पर्य दर्साई संरचनात्मक एकत्व सिर्जनामा मदत पुगेको छ ।

समावेशी-समावेश्य कोशीय संसक्ति प्रयोगका दृष्टिले ‘गङ्गारामको न्याय’ एकाङ्कीलाई हेर्दा यस एकाङ्कीमा कमै मात्रामा यसको प्रयोग गरिएको छ। एकाङ्कीमा प्रयुक्त समावेशी शब्दले अन्य शब्दलाई आफूमातहत समावेश गरेर र समावेशित शब्दहरू समावेशी शब्दअन्तर्गत समाहित गरेर भूमिका निर्वाह गरेकाले एकाङ्कीमा प्रयुक्त समावेशी-समावेश्य संसक्तिको अवस्था यसको मान्यताअनुरूप देखिएको छ।

अङ्गी - अङ्ग कोशीय संसक्ति प्रयोगका आधारमा ‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त संसक्तिलाई अन्वेषण गर्दा यस एकाङ्कीमा केही मात्रामा यसको प्रयोग गरिएको छ। एकाङ्कीमा प्रयुक्त अङ्गी शब्दहरू पूर्ण वा मुख्य रूपमा र अङ्ग शब्दहरू अंश वा त्यसका अवयवका रूपमा देखिएकाले यसको प्रयोग सैद्धान्तिक अवधारणासँग मिल्दो देखिएको छ।

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त सन्निधान कोशीय संसक्तिको प्रयोगगत स्थितिलाई अध्ययन गर्दा यस एकाङ्कीमा यसको प्रयोग केही मात्रामा गरिएको छ। प्रस्तुत एकाङ्कीमा प्रयुक्त सन्निधानात्मक शब्दहरूका बिच साहचर्यात्मक सम्बन्ध रहेकाले यसको प्रयोग सिद्धान्तअनुकूल रहेको छ।

समग्रतः ‘गङ्गारामको न्याय’ एकाङ्कीमा व्यवहृत कोशीय संसक्ति युक्तिहरू यसको यसको सैद्धान्तिक मान्यतासँग मूलतः मिल्दा देखिएका छन्। जसले एकाङ्कीलाई एकीकृत, सङ्गठित र उपयुक्त तुल्याएका छन्। परिणामस्वरूप प्रस्तुत एकाङ्की संसक्त बनेको छ।

**निष्कर्ष**

गङ्गारामको न्याय एकाङ्कीमा कोशीय संसक्ति शीर्षकीय अध्ययनमा आधारित प्रस्तुत अध्ययनका आधारमा विभिन्न किसिमका निष्कर्ष निकालिएको छ। जसलाई यस अध्ययनको प्राप्तिको रुपमा उल्लेख गर्न सकिन्छ। वस्तुतः गङ्गारामको न्याय एकाङ्कीमा कोशीय संसक्तिको प्रयोग गरिएको छ। यस एकाङ्कीमा कोशीय संसक्तिका मुख्य दुई प्रकार : पुनरुक्ति र सन्निधान संसक्तिको प्रयोग गरिएको छ। यस एकाङ्कीमा पुनरुक्ति कोशीय संसक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्गको प्रयोग गरिएको छ भने सन्निधानअन्तर्गत परस्परमा सान्निध्य सम्बन्ध राख्ने विभिन्न शब्दहरुको प्रयोग गरिएको छ।

प्रस्तुत एकाङ्कीमा यी दुवै प्रकृतिका कोशीय संसक्ति प्रयोगको सङ्ख्या ४१ रहेको छ । यस एकाङ्कीमा कोशीय संसक्तिका मुख्य दुई भेद पुनरुक्ति र सन्निधानमध्ये पुनरुक्तिको अधिक प्रयोग गरिएको छ भने सन्निधान संसक्तिको निकै कम प्रयोग गरिएको छ । यस एकाङ्कीमा पुनरुक्तिका विभिन्न भेदमध्ये पुनरावृत्ति संसक्तिको अधिक प्रयोग गरिएको छ । यसमा सन्निधान संसक्तिको प्रयोग अन्तर्वाक्यीय र वाक्येतर रूपमा तथा निकटस्थ र दूरस्थ रूपमा गरिएको छ । प्रस्तुत एकाङ्कीमा व्यवहृत कोशीय संसक्ति र तिनको प्रयोगगत स्थिति पाश्चात्य भाषावैज्ञानिकद्वाय : हालिडे र हसनद्वारा प्रस्तुत सैद्धान्तिक मान्यतासँग मूलतः मिल्दो रहेको छ । एकाङ्कीमा प्रयुक्त कोशीय संसक्तिले एकाङ्कीलाई संसक्त एवम् एकीकृत तुल्याउन महत्तम भूमिका निर्वाह गरेको देखिन्छ ।

**सन्दर्भ सामग्री**

अमेरिकन साइकलजिकल एसोसिएसन (सन् २००९) *पब्लिकेसन म्यानुअल अफ द अमेरिकन साइकलजिकल एसोसिएसन* (सातौं सं), अथर ।

एलेन, जे. पि. बि. र कर्डर एस. पिट. (सम्पा.), (१९७८) *पेपर्स इन अप्लाइड लिङ्ग्विस्टिोक्स,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

कुमार, रञ्जित (सन् २००९), *रिसर्च मेथोडोलोजी अ स्टेप बाइ स्टेप गाइड फर बिगिनर्स,* पियर्सन एजुकेसन ।

डेन्जिन, के. एन. एम. र लिङ्कन, एस. आइ. (सम्पा.) (सन् २००५), *द सेज हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च,* सेज पब्लिकेसन ।

नुनन, डी. (१९९३), *इन्ट्रोड्युसिङ डिस्कोर्स एनलाइसिस,* पेन्गुइन बुक्स ।

विस्नेस्की, के. (२००६), *डिस्कोर्स एनलाइसिस,* इन्जिएल्स्की अनलाइन डट htm.

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

साल्के, आर. (१९९५), *टेक्स्ट एन्ड डिस्कोर्स एनलाइसिस,* राउटलेज ।

स्टब्ज, मिसेल (सन् २००१), कम्प्युटर एसिस्टेड टेक्स्ट एन्ड कर्पस एनलाइसिस : लेक्सिकल कोहिजन एन्ड कम्युनिकेटिभ कम्पिटेन्स, सिफ्रिन, डेबोरा, टनिन, डेबोरा र हमिल्टन, हेइडी (सम्पा) अन्तर्गत *द हेन्डबुक अफ डिस्कोर्स एनलाइसिस,*(पृ.३०४), ब्ल्याकवेल ।

हालिडे, एम. ए. के. र हसन, आर. (१९७६), *कोहिजन इन इङ्गलिस,* लङ्गम्यान ।

हालिडे, एम. ए. के. (१९८६), *एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामर,* एडवार्ड आर्नोल्ड ।

हालिडे, एम. ए. के. र हसन, आर. (१९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

होइ, मिसेल (सन् १९९१), *अन द सर्फेस अफ डिस्कोर्स,* जर्ज एलिन एन्ड अवविन ।

ह्याच, ए. (१९९४), *डिस्कोर्स एन्ड ल्याङ्ग्विज एजुकेसन,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ह्यारिस डी. पी. (सन् १९९०), द युज अफ अर्गनाइजिङ् सेन्टेन्सेज इन द स्ट्रक्चर अफ प्याराग्राफ इन साइन्स टेक्स्ट बुक्स, यु कनर एन्ड ए. एम. जोन्स (सम्पा), *कोहिरेन्स इन राइटिङ् : रिसर्च एन्ड पेडागोजिकल पर्सपेक्टिभ्स* (पृ. १९६-२०५), Alexandria, VAMTESOL.